# कनकासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बिराट सिंजा, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### सेवा करारमा जनशक्ति पदपुर्ति गर्ने सम्वन्धी सूचना

**पुनः प्रकाशित मिति :२०७९।०८।०६**

कनकासुन्दरी गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको मिति २०७९/०७ २७ को निर्णय अनुसार यसपालिकामा **सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम** संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०७९/०८/१२) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न हुन सूचित गरिन्छ ।

तपसिलः

१. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण

क) प्राविधिक सहजकर्ता (विज्ञापन नं. SusWA- ०२/२०७९/८०, आवश्यक संख्याः- १(एक))

- कम्तीमा सिभिल ईन्जिनियरिङ बिषयमा प्रविणता प्रमाण-पत्र/डिप्लोमा तह उत्तिर्ण गरि ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्वन्धित कार्य गरेको हुनु पर्ने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।
- सम्वन्धित स्थानिय नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।

२. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः रु ५०० ( पाँच सय मात्र), दस्तुर नगरपालिकाको **कुमारी बैंक, कनकासुन्दरी शाखामा** रहेको **आन्तरिक राजस्व खाता नं. ०८७००३५७४९६००००७** मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ ।

४. व्यक्तिगत विवरण ढाँचा पेश गर्नु पर्नेः आवेदकले व्यक्तिगत विवरण, नागरिकता नं., ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्ने।

५. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, तालिम प्राप्त गरेका प्रमाण-पत्र।

६. छनौटको किसिमः योग्यता क्रमको प्रारम्भिक सुची, लिखित परिक्षा, कम्प्युटर परीक्षण र अन्तरवार्ता हुनेछ ।

७. विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। फोन नं ९८४८३०२२०८, इमेल- ito.kankasundarimun@gmail.com

०७९।०८।०६

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत